# लक्ष्मीप्रसाद देवकोटा र 'यात्री' कवितामा मानवतावाद

**लेकप्रसाद प्याकुरेल[1*]**

**Lek Prasad Pyakurel[1*]**

[1*] त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज, नेपाली विभाग
[*]Email: *lekpyakurel@gmail.com*
Article History: Received: *Jan. 22, 2026* *Revised: Feb. 22, 2026* *Accepted: June 04, 2026*

**लेखसार**

लक्ष्मीप्रसाद देवकोटा र यात्री कवितामा मानवतावाद शीर्षकीकरण गरिएको यो अनुसन्धानमा नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाकाको सङ्क्षिप्त जीवनी, व्यक्तित्व, कृतित्व र उनको यात्री कवितामा देखिएको मानवतावादलाई पर्गेल्ने कार्य गरिएको छ । विसं १९६६ कार्तिक २७ गते लक्ष्मीपूजाका दिन जन्मिएका देवकोटाले बिए, बिएलसम्मको अध्ययन पूरा गरेका छन् । नेपाली काव्य जगतका अमूल्य निधि देवकोटाले पूर्णिमाको जलदी र गरिब जस्ता फुटकर कविता प्रकाशनमा ल्याई नेपाली साहित्यमा स्वच्छन्दतावादी लेखन परम्पराको थालनी गराएका हुन् । काव्य विधाअन्तर्गत फुटकर कविता, खण्डकाव्य र महाकाव्य तीनै प्रकृतिका गुणात्मक एवं परिमाणात्मक कृतिहरुको योगदान दिएका देवकोटाको यात्री कविता वि.सं. १९९८ मा *शारदा* पत्रिकाको जेठ अङ्कमा प्रकाशित भएको हो । गेयात्मक गुणले सम्पन्न सोही यात्री कविताले नेपाली कथानक चलचित्र *वासुदेव*मा स्थान बनाइसकेको छ । यात्री कविता मानिसलाई मानिसले मानिसकै रुपमा हेर्नुपर्छ भन्ने मूल मर्ममा एकाकार भएर आएको मानवतावादी स्वरसन्धानका दृष्टिले निकै महत्वपूर्ण सिर्जना हो । यसर्थ देवकोटाको यात्री कवितालाई प्राथमिक स्रोत एवं देवकोटा र यात्री कवितासम्बन्धी विश्लेषणलाई द्वितीय स्रोत मानी सैद्धान्तिक अध्ययन विधिको प्रयोग गरेर तयार पारिएको यस अनुसन्धानमा लक्ष्मीप्रसाद देवकोटा र उनको यात्री कवितामा देखिएको मानवतावादको विश्लेषण गरिएको छ ।

**शब्दकुञ्जी:** साहित्य, खण्डकाव्य, महाकाव्य, मानवतावाद, स्वच्छन्दतावाद ।

## विषयपरिचय

नेपाली साहित्य बाटिकालाई गोडमेल गर्ने साधकहरु मध्ये अग्रपङ्क्तिमा देखिएका प्रतिभाको परिचय हो लक्ष्मीप्रसाद देवकोटा । साहित्यका विविध विधाहरुमध्ये काव्य विधामा विशेष सफलता प्राप्त गरेका लक्ष्मीप्रसाद देवकोटाले झण्डै तीन दर्जन जति खण्डकाव्य, आधा दर्जन महाकाव्य र पाँचसय भन्दा बढी फुटकर कविताको योगदान दिएबाट उनी नेपाली काव्य विधाका उज्ज्वल नक्षत्र हुन् भन्ने आधार पुष्टि हुन्छ । लक्ष्मीप्रसाद देवकोटा परिमाणात्मक दृष्टिकोणले मात्र नभई गुणात्मक दृष्टिकोणले पनि उत्तिकै महत्व राख्ने साहित्यसर्जक हुन् । खासगरी एक रातमै खण्डकाव्य रचना गर्ने विजुलीबेगी देवकोटाले दस दिनभित्रै महाकाव्यको योगदान दिएर आशु कवित्वको परिचय स्थापित गरिसकेका छन् । नेपाली महाकाव्य लेखन परम्परामा मौलिक महाकाव्य लेखनको प्रयास आइसल्याण्डको सर्पजस्तै बनिरहँदा त्यो अभाव पूर्ति गर्ने व्यक्ति समेत देवकोटा नै बन्न पुगे । लक्ष्मीप्रसाद देवकोटा जसले जम्मा ८ घण्टामा लेखिसकेको मुनामदन खण्डकाव्य हालसम्म पाँच लाख भन्दा बढीको सङ्ख्यामा प्रकाशन भएको छ भने यही कृति सिने जगतमा सफल नेपाली चलचित्रका रुपमा प्रदर्शन भइसकेको छ । देवकोटाको लेखनी असाधारण जस्तै थियो यसर्थ उनको लेखनीबाट प्रभावित भएका राहुल साङ्कृत्यायनले

देवकोटालाई हिन्दी साहित्यका साहित्यकारत्रय प्रसाद, पन्त, निराला को सिङ्गो रुप स्वीकारेका छन् भने मारेजले चसरदेखि इलियटसम्मको सङ्कलन मानेका छन् । भारतीय विद्वान् कवि शिवमंगल सिंह सुमनले समेत नेपाली साहित्यमा देवकोटा अविर्भा एउटा घटना थियो र उनको महाप्रयाण एउटा इतिहास, साच्चि नै विश्व कविहरुको दाँजोमा उनको स्थान छ । यस अभावपूर्ति सजिलै हुन गाह्रो छ भन्दै मुक्तकण्ठले प्रशंसा गरेका छन् । यता नेपालका नाट्य सम्राट बालकृष्ण समका अनुसार देवकोटा नेपाली साहित्यमा तीन-तीन पटक जन्मेर कहिल्यै मर्नु नपर्ने गरी विदा भए । अर्का व्यक्तित्व चुडामणि बन्धुका अनुसार "एक रातमै खण्डकाव्य र दस दिन भित्रै महाकाव्यको रचना गर्ने विजुलीवेगी देवकोटाले आफ्ना प्रायः रचनाहरुमा विश्व मानवताको गीत गाए विश्व भातृत्वको मन्त्र सुनाए र विश्वभाषाको सपना देखेका छन् । (चूडामणि बन्धु देवकोटा, २०५८) । यसरी विभिन्न विद्वानहरुले मुक्तकण्ठले प्रशंसा गरेका देवकोटासँग सम्बन्धित रहेर त्रिभुवन विश्वविद्यालय कीर्तिपुर द्वारा Humanitarian Attitudes या Wordsworth and Devekota शीर्षकीकरण गरी मानवतावादी देवकोटालाई वर्डस्वर्थसँग तुलना गर्दै अनुसन्धान कार्य समेत सम्पन्न गराई सकिएको छ । उल्लिखित उदाहरणहरुले देवकोटाको लेखनी अब्बल र विश्वस्तरमै तुलनायोग्य छ भन्ने आधार पुष्टि हुन्छ । समानता स्वतन्वता विश्वबन्धुत्व र सहअस्तित्वको अधिकारको सुरक्षा गर्दै सबै मानिसप्रति समान व्यवहार गर्नुपर्छ भन्ने मानवतावादी विचारबाट अभिप्रेरित देवकोटाका प्रायः रचनाहरुमा मानवतावादी भाव मुखरित भएका छन् । यही मानवतावादी भावबाट अभिप्रेरित भएर वि.सं. १९९८ मा रचिएको देवकोटाको यात्री कविता निकै सारगर्भित छ । यसर्थ देवकोटाका साहित्य केन्द्रित यिनै असाधारण योगदानलाई मध्यनजर गर्दै यस आलेखमा काव्य विधाका उज्ज्वल नक्षत्र लक्ष्मीप्रसाद देवकोटाको वैयक्तिक एवम् साहित्यिक जीवन र उनको यात्री कवितामा प्रयुक्त मानवतावादी दर्शनलाई विश्लेषण गरिएको छ ।

### अध्ययनको उद्देश्य

महाकवि लक्ष्मीप्रसाद देवकोटोको 'यात्री' कवितामा मानवतावादको केकसरी प्रयोग भएको छ भन्ने अध्ययन गर्नु यस अध्ययनको उद्देश्य हो । मूल समस्याको समाधानका लागि यात्री कवितामा मानवीय अभिव्यक्तिको अध्ययन र देवकोटाको मानवतावादी दृष्टिकोणको अध्ययन गरी उद्देश्य प्राप्त गरिएको छ ।

### अध्ययनविधि

लक्ष्मी प्रसाद देवकोटा र यात्री कवितामा मानवतावाद शीर्षकको यस अध्ययनका क्रममा लक्ष्मीप्रसाद देवकोटाको जीवनी व्यक्तित्व र कृतित्वसँग सम्बन्धित रहेर तयार पारिएका शोधग्रन्थ, पुस्तक, पत्रपत्रिका एवं वेबसाइटहरुलाई स्रोतसामग्रीको रुपमा उपयोग गरिएको छ । उल्लिखित सामग्रीहरुमध्ये देवकोटाको यात्री कविता प्राथमिक स्रोतका रुपमा आएको छ भने अन्य पुस्तक पत्रपत्रिका र वेबसाइटहरुमा प्रकाशित विभिन्न व्यक्तित्वहरुको विचारहरुलाई द्वितीय स्रोतका रुपमा लिइएको छ । कृतिहरुको अध्ययनका क्रममा पुस्तकालय विधि अवलम्बन भएको छ भने आवश्यकता अनुसार वर्णनात्मक, विवरणात्मक एवं तुलनात्मक अध्ययन विधिलाई प्राथमिकतामा पारिएको छ । अनुसन्धानलाई प्रभावकारी बनाउनका लागि कतिपय तथ्यहरुको विश्लेषण गर्न आगमन र निगमन विधिहरुको प्रयोग गरिन्छ । यी दुई विधिहरुमध्ये पनि प्रस्तुत अनुसन्धानमा आगमन विधिको प्रयोग भएको छ ।

### छलफल तथा निष्कर्ष

#### लक्ष्मीप्रसाद देवकोटाको जन्म, नामकरण र शिक्षा

लक्ष्मीप्रसाद देवकोटाको जन्म विसं १९६६ कार्तिक २७ गते शुक्रबार ९ बजेर २८ मिनेट जाँदा काठमाडौँको डिल्लीबजार स्थित धोबीधारा टोलमा तिलमाधव देवकोटाकी कान्छी धर्मपत्नी अमर राज्यलक्ष्मी देवीका कोखबाट भएको हो । लक्ष्मीपूजाका दिनमा घरमा लक्ष्मीको पूजा गरिसकेको केही समयपछि नै उनको जन्म भएकाले उनलाई लक्ष्मीको प्रसाद ठानियो र उनको नाम लक्ष्मीप्रसाद नै राखियो (महादेव

अवस्थी, पृ.१३) । लक्ष्मीप्रसाद देवकोटाले प्रारम्भिक शिक्षादीक्षा घरमै प्राप्त गरेका थिए । यसक्रममा उनले संस्कृत भाषाका अमरकोष, रघुवंश विभिन्न स्तुतिस्तोत्रहरुका साथै लेखनाथ पौड्यालका विभिन्न नेपाली कविता र भतृहरिनिर्वेदका श्लोकहरु कण्ठस्थ गरिसकेका थिए । बाल्यकालमै आफ्नो साइँला छोराको साहित्यतर्फको यस्तो रुचि र पकड देखेपछि तिलमाधवले उनलाई पण्डित बनाउने इच्छा राखे र संस्कृत अध्ययनकै लागि माहोल तयार गरेपनि आमा अमरराज्यलक्ष्मी र जेठा दाजु लेखनाथले लक्ष्मीप्रसादलाई अङ्ग्रेजी स्कुलमै पढाउनुपर्छ भन्ने अड्डी लिएपछि बुवा तिल माधव समेत सहमत भई ११ वर्षको उमेरमा विसं १९७७ चैत्रमा लक्ष्मीप्रसाद देवकोटा दरवार स्कुलको पञ्चम कक्षामा भर्ना भए (महादेव अवस्थी, पृ.२६) । यसरी औपचारिक शिक्षा प्रारम्भ गरेका लक्ष्मी प्रसाद देवकोटाले वि.सं १९८२ मा म्याट्रिकुलेसन र वि.सं. १९८५ मा आइ.एस.सी. उत्तीर्ण गरे । वि.सं. १९८९ फागुनमा लक्ष्मी प्रसाद देवकोटाले बी.ए. तहको परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको खबर वि.सं. १९८९ को जेठ महिनाको गोरखा पत्रमा छापियो र त्यस साल नेपालबाट बी.ए. उत्तीर्ण गर्ने उनी एक जना मात्र देखिए । (महादेव अवस्थी, पृ.२८ ) बी. ए. उत्तीर्ण भएपछि लक्ष्मीप्रसाद देवकोटा भारतको पटनातर्फ गई अङग्रेजी विषय लिई एम. ए. गर्न चाहन्थे तथापि उनको प्रतिभा एवं बुद्धिमतालाई उपयोग गरी आफ्नो स्वार्थको सिँढी बनाउन सकिने अभिलाषाका साथ तत्कालीन राणा शासकहरुद्वारा उनलाई बी एल. पढ्नका लागि छात्रवृत्ती दिई पटनातर्फ पठाइयो । यसरी बी. एल. तर्फको अध्ययनलाई अघि बढाएका लक्ष्मी प्रसाद देवकोटाले पछि पनि अङ्ग्रेजी विषयबाट एम.ए. अध्ययन गर्ने इच्छा नराखेका होइनन् तथापि घरको समस्या र अर्थिक अभावसँग सिंगौरी खेलिरहेका देवकोटाको एम.ए. उत्तीर्ण गर्ने सपना अधुरै भएपछि उनको औपचारिक योग्ताले बी. ए., बी.एल. मा विश्राम लिएको हो ।

**देवकोटाको साहित्यिक सक्रियता**

लक्ष्मी प्रसाद देवकोटालाई अमर तुल्याउने प्रमुख पाटो नै उनको काव्यगत जीवन हो । साहित्यको मार्गमा गरिएको ४० वर्षीय (१९८६ देखि २०१६) यात्राले देवकोटालाई महाकवि देवकोटासम्म बनायो । काव्यका क्षेत्रमा हालसम्मकै अद्वितीय प्रतिभा साबित भएका देवकोटाले आफ्नो दस वर्षीय उमेरमा नै आफ्नै साहित्यिक रुचि र केही गर्न सक्ने क्षमताको प्रदर्शन गरिसकेको थिए । दस वर्ष नपुग्दै लेखनाथका कविताका कतिपय श्लोकहरु कण्ठस्थ गरिसकेका लक्ष्मीप्रसाद देवकोटाले वि.सं. १९७६ मा 'म त अभागिनी पो भएँ' भन्ने एक हरफे कविता र यसै वर्ष :

> घनघोर दुःख सागर संसार जान भाइ
>
> नगरे घमण्ड कहिल्यै मर्नु छ हामीलाई

भन्ने २ हरफे कविताको सिर्जना गरी आफ्नो दस वर्षीय उमेरमा नै असाधारण क्षमताको प्रदर्शन गरेका थिए । वि.सं. १९७७ मा दरबार हाइस्कुलमा पाँचौं कक्षामा अध्ययन गरिरहँदा लक्ष्मीप्रसाद देवकोटाले अङ्ग्रजी तथा नेपाली भाषामा कविता रच्ने अभ्यास बढाउँदै लगेको पाइन्छ । दरबार हाइस्कुलमा पढ्दा आफैले रचेका कविताहरु सहपाठीहरुलाई सुनाउने गर्दा 'मागेको लुगामा राम्रो देखिन चाहने सुकुल गुन्डो' 'नक्कली मयूर' जस्ता शब्दद्वारा खिसी गरिएपछि देवकोटाले तत्काल 'दरबार स्कुल' शीर्षकको कविता रचना गरी शिक्षकलाई देखाउँदा शिक्षकले 'कोपिलाउँदो कवि' का रुपमा सम्बोधन गरेका थिए । देवकोटाले वि.सं. १९७७ देखि १९८५ का बिचमा केही गीतहरु रचेको जानकारी पाइए पनि ती गीतहरु अझै अप्राप्त अवस्थामै छन् भने वि.सं. १९८५ सालको वैशाखमा प्रकाशित गोरखा पत्रमा लक्ष्मी टी सी. कलेज, नेपालको नाम ठेगानामा रचेको 'वसन्त षोडशी' शीर्षकको सोह श्लोके कविता र नाच्न, गाउँन भनी लेखेका चारवटा गीत अहिले पनि उपलब्ध छन् ( नित्यराज पाण्डे,पृष्ठः९) । वि.सं. १९८९ मा श्री ३ राणा प्रधानमन्त्री भीम शमशेरको मृत्यु भयो । आफूलाई पुस्तकालय पर्वमा दण्डित गर्ने भीम शमशेरको मृत्यु भएपछि त्यसबाट प्रभावित भएका लक्ष्मी प्रसाद देवकोटाले नयाँ श्री ३ प्रधान मन्त्री जुद्ध शमशेरको प्रशंसा गरी अङ्ग्रेजी र नेपाली भाषामा रचेका कविताको प्रकाशन समेत भयो र काठमाडौं आएका बखत ती कविता जुद्ध शमशेरलाई सुनाउँदा उनले जुद्ध शमशेरबाट रु. १००० ।- पुरस्कार पाएका थिए ।

लक्ष्मीप्रसाद देवकोटाको काव्य यात्राले नयाँ मोड प्राप्त गर्ने दृष्टिकोणबाट वि.सं. १९९१ अत्यन्त फलदायी रह्यो । वि.सं.१९९१ मंसिर १५ गतेको गोरखापत्रमा छापिएको 'पूर्णिमाको जलधि' शीर्षकको कविता एवम् यसै वर्ष फागुनमा निस्केको शारदा पत्रिकाको प्रथम अङ्कमा छापिएको 'गरीब' शीर्षकको कविताका माध्यमबाट नेपाली कवितामा स्वच्छन्तावादको आकाश उघ्रियो, जुन नेपाली साहित्यका क्षेत्रमा अविस्मरणीय देन हो । देवकोटाको वि.सं. १९९१ कविताको क्षेत्रमा नयाँ विहानी भिœयाउने वर्ष स्थापित भए जस्तै वि.सं १९९२ खण्डकाव्यकारिताको क्षेत्रमा उपलब्धीमूलक वर्ष हुन पुग्यो । यसै वर्ष उनको अत्यन्त लोकप्रिय, हालसम्मकै सर्वाधिक विक्री भएको नेपाली खण्डकाव्य 'मुनामदन' ले प्रकाशनमा आएको छ । मुनामदन खण्डकाव्यकार देवकोटालाई चिनाउने पहिलो कोसेली त हो नै साथै कविताका फाँटमा देखा परेको स्वच्छतावादी प्रवृत्तिलाई खण्डकाव्यका तहमा विस्तार गर्ने एक सशक्त खण्डकाव्य पनि हो ।

काव्यका महत्वपूर्ण विधा कविता र खण्डकाव्य लेखन एवम् प्रकाशनका लागि १९९० को दशक लक्ष्मीप्रसाद देवकोटाका लागि फलदायी रहे तापनि महाकाव्य लेखन एवम् प्रकाशनका लागि भने वि.सं. २००० को दशक नै कुर्नु पर्यो । नेपाली महाकाव्यका फाँटमा मौलिक माहाकाव्य लेखन आइसल्याण्डको सर्प भएकै सन्दर्भमा विजुलीवेगी कवि लक्ष्मीप्रसाद देवकोकटाले वि.सं. २००२ को तीन महिना भित्रै नेपाली महाकाव्य परम्परामा पहिलो मौलिक महाकाव्य शाकुन्तलको योगदान दिए । देवकोटाले आफ्नो विजुलीबेगी लेखनको परिचय यसै वर्षको उनको अर्को महाकाव्य सुलोचनामा अझ घनिभूत रुपमा प्रकट गरेका छन् । उनले सुलोचना महाकाव्यको भूमिकामा उल्लेख गरे अनुसार सुलोचना महाकाव्य १० दिन भित्रको ६० घण्टामा लेखी तयार पारेका हुन् । जुन साधरण महाकाव्यकारहरुका निम्ति प्राय असम्भव प्रयास हो ।

नेपाली काव्यका कविता खण्डकाव्य र महाकाव्य तीनै फाँटमा आफ्नो असाधारण प्रतिभा पेस गरेका लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक यात्राको विश्राम भने वि.सं. २०१६ भदौ २१ गते शान्त भवनमा डाक्टर मिलरलाई लेखेर दिएको अङ्ग्रेजी भाषाको कविता त्जभ उचकयतजभबल उबष्ल, क्ष दभबच सँगै भएको हो । वि.सं. २०१६ साल भाद्र २९ गते साँझ ६ बजेर १० मिनेट जाँदा यस धर्तिबाट सधैंका लागि विदा लिएका देवकोटाको वि. सं. २०१६ भदौ १९ गते बिहान ७ बजे हरिशरण श्रेष्ठसँग कागज मागी रचिएको

रहेछ संसार निशा समान
आएन ज्यूदै रहँदा नि ज्ञान
आखिर श्रीकृष्ण रहेछ एक

न भक्ति भो ज्ञान न भो विवेक

जस्ता सारगर्भित अंशहरुमा संरचित म शून्यमा शून्य सरी बिलाएँ शीर्षकको कविता नै नेपाली भाषाको अन्तिम रचना बन्न पुग्यो । यसरी नेपाली काव्य जगतका अद्वितीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटाको लेखनीले २०१६ को भाद्र महिनामा विश्रान्त प्राप्त गरे तापनि उनका करिव ५०० भन्दा बढी फुटकर कविता तीन दर्जन जति खण्डकाव्य अनि आधा दर्जन भन्दा बढी महाकाव्यका काव्यात्मक सँगालो नेपाली साहित्यमा कालजयी बनेर रहिरहेका छन् ।

**लक्ष्मीप्रसाद देवकोटाका काव्यात्मक प्रवृत्तिहरु**

लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यलाई उर्वर बनाउनका लागि कविता, निबन्ध, नाटक, गीत लगायतका विधाहरुमा कलम चलाएका छन् यद्यपि काव्य विधामा देवकोटा तुलनात्मक रुपले सफल देखिन्छन् । संख्यात्मक एवं गुणात्मक दुवै दृष्टिबाट अब्बल मानिएका देवकोटाले आफ्नो जीवनकालमा रचना गरेका समग्र काव्यात्मक कृतिहरुमा आधारित भई निम्नलिखित काव्यात्मक प्रवृत्तिहरु औल्याउन सकिन्छ,

- ❖ स्वच्छन्दतावादी विचारलाई प्राथमिकतामा राखेर कविता लेख्ने कवि,
- ❖ कवितामा मानवतावादी विचार अभिव्यक्त गर्ने कवि,
- ❖ समानता, स्वतन्त्रता, विश्वबन्धुत्व र सहअस्तित्वका पक्षमा कलम चलाउने कवि,

- गरिब दुःखी र निम्नवर्गीय मानिसहरुप्रति विशेष सहानुभूति प्रकट गर्ने कवि,
- आँसु कवित्व भएका बिजुलीवेगी कवि,
- प्रकृतिको मानवीकरण र मानवको प्रकृतीकरण गरी कविता लेख्ने कवि,
- प्रकृतिको तनमय र मनमय चित्रण गर्ने कवि,
- प्रकृतिलाई परिचारिका, धाई, ज्ञान प्रदायक र जीवनदायिनी शक्तिका रुपमा प्रस्तुत गर्ने कवि,
- ग्रामीण सभ्यतालाई महङ्खव दिएर कविता लेख्ने कवि,
- कल्पनाशीलता र भावुकताको प्रयोग गरेर कविता लेख्ने कवि,
- सामाजिक विकृति र विसङ्गतिहरुप्रति व्यङ्ग्य प्रहार गर्ने कवि,
- सामाजिक परिवर्तन र विद्रोहका कविता लेख्ने कवि,
- गद्य र पद्य दुवै शैलीलाई आत्मसात गरी कविता लेख्ने कवि,
- विभिन्न विम्ब, प्रतीक र अलङ्कारहरुको सफल प्रयोक्ता,
- सरल र सम्प्रेस्य भाषाको प्रयोग गरी कविता लेख्ने कवि ।

### यात्री कविताको रचनासन्दर्भ

साहित्यकार लक्ष्मीप्रसाद देवकोटालाई अमर तुल्याउने विभिन्न काव्यात्मक रचनाहरुमध्येको महङ्खवपूर्ण रचना यात्री कविता हो । देवकोटाको अध्यात्म दर्शन र मानवतावादलाई अत्यन्त न्यायोचित ढङ्गले प्रस्तुत गरेको यात्री वि.सं. १९९८ मा शारदा पत्रिकाको जेठ अङ्कमा प्रकाशित एवं भिखारी कवितासङ्ग्रहमा सङ्गृहीत फुटकर कविता हो । भारतीय काव्यलाई एकत्रित गर्ने गरी तयार पारिएको कविताकोशमा मुसाफिर शीर्षकीकरण गरेर हिन्दीमा अनुवाद गरी समेटिएको यात्री कविता २७ नोभेम्बर २०२० मा हिन्दी भाषामा अनुवाद गरी इन्टरनेटमा राखे लगत्तै पहिलो दिनमै २१०३ पटक हेरिएको तथ्याङ्क स्मरणीय छ । नेपाली चलचित्र वासुदेवमा स्थान पाएर गायक रविन शर्माद्वारा स्वराङ्कन भएको यात्री कवितामा केन्द्रित भई चार सयभन्दा बढी समीक्षा लेखिएका छन् । उल्लिखित तथ्यहरुले निकै पठनीय रचनाका रुपमा स्थापित गरेको यात्री कवितालाई बुझ्नका लागि यसको रचना सन्दर्भलाई पहिल्याउनु अत्यन्त जरुरी हुन्छ ।

महान दार्शनिक हिपोलाइट टेनका अनुसार कुनैपनि कृति अथवा रचना विशेषको समीक्षा गर्नुभन्दा अगाडि उक्त कृति लेखिँदाको सन्दर्भ वा पर्यावरणलाई बुझ्नु अत्यन्त आवश्यक हुन्छ । खासगरी कृति सिर्जना गर्दाको जाति, पर्यावरण र क्षणलाई नबुझिकन गरिएको समालोचना अधुरो र वास्तविकतादेखि टाढा हुन्छ । यही विषयमा केन्द्रित भएर यात्री कविताको रचना सन्दर्भलाई विश्लेषण गर्दा शताब्दी पुरुष सत्यमोहन जोशीका अनुसार लक्ष्मीप्रसाद देवकोटाले यात्री कविता चित्लाङमा रहेर रचना गरेको यथार्थ खुल्दछ । उनका अनुसार विसं २००७ सालको क्रान्ति अधिसम्म काठमाडौंका मानिस चन्द्रागिरीको गढीबाट चित्लाङ, कुलेखानी, भीमफेदी, अमलेखगंज, रक्सोल हुँदै भारत जान्थे । उताबाट पनि यही बाटो भएर आउँथे । त्यतिवेला पैसावाला मानिसहरु तामदान चढेर जाने र लेखक कवि र अन्य सर्वसाधारण हिँडेर जाने हुँदा सोही क्रममा महाकविले यात्री लेखेको हुन सक्ने उनको अनुमान छ । यता बुद्धिजीवी बुद्धरत्न मानन्धरका अनुसार यात्री कविता चन्द्रागिरीको फेदमा रहेको चित्लाङमा रहेर लेखिएका कारण देवकोटाका सन्ततिले यात्री कविता सहितको बोर्ड चित्लाङमा राखेका थिए तथापि यसको संरक्षण हुन नसके पछि हाल उक्त बोर्ड त्यहाँ नभेटिने कुरा स्पष्ट पारेका छन् । बुद्धरत्न मानन्धरका अनुसार भारत र तराई क्षेत्रबाट पशुपतिको दर्शन गर्न आएका ठुलाठुला जिउडाल भएका मानिसहरुलाई पटपट गोडा फुटेका दुब्ला मानिसहरुले बोकिरहेको देखेपछि देवकोटाले यात्री कविता रचना गरेका हुन् । उल्लिखित तथ्यहरुका आधारमा लक्ष्मीप्रसाद देवकोटाले यात्री कविता मानिसलाई नै भरिया बनाएर पशुपति दर्शन गर्न आउनेहरुका कारण

उत्पन्न शास्ती र ज्याजतिलाई मध्यनजर गर्दै सम्पूर्ण मानिसहरुलाई मानवताको पाठ सिकाउने प्रयोजनार्थ रचना गरेका थिए ।

**मानवतावाद**

विश्वसाहित्यमा मध्ययुगीन धार्मिक विचारको लाक्षणिक विरोध गर्ने सिलसिलाबाट अङ्कुरण हुँदै पुनर्जागरण कालको आरम्भसँगै देखा परेको मानवतावाद स्वच्छन्दतावादको एक प्रमुख विशेषता हो । स्वतन्त्रता, समानता र भ्रातृत्वको नारालाई अघि सारेका स्वच्छन्दतावादी चिन्तक रुसोले मानवीय गरिमा र गौरवलाई महत्व दिँदै मानिसलाई मानिसका रुपमा हेर्नुपर्छ भन्ने दृष्टिकोण अघि सारेका थिए । मूलतः यही विचारले मानवतावादी साहित्य सिर्जनालाई प्रेरणा स्रोतका रुपमा काम गरेपश्चात मानवतावादी साहित्य लेखन परम्पराले निरन्तरता पाएको हो (डा. अमर गिरीः गोरखापत्र अनलाईनः कार्तिक १३,२०७६ बुधवार) । यसरी साहित्य लेखन परम्परामा उदाएको मानवतावादलाई थप प्रकाश पार्नका लागि केही प्रतिनिधिमूलक परिभाषाहरुलाई उल्लेख गरिनु सान्दर्भिक हुन्छ :

- ❖ विकिपिडियाका अनुसार, मानवतावाद मानव जीवनको मूल्यमा सक्रिय विश्वास हो जहाँ मानव अभ्यासद्वारा नैतिक, परोपकारी र तार्किक कारणहरुले गर्दा अन्य मानिसहरुलाई दुःख कम गर्न र मानवताको अवस्था सुधार गर्न परोपकारी उपचार र सहयोग प्रदान गरिन्छ ।
- ❖ मानवीय उच्चतर मूल्योँको मानवतावाद किधर जाता है । स्वार्थ से उपर उठकर दुसरों कि हितमे कार्य करना, सन्सार के सब मानव परस्पर मेलजोल से रहेँ, सब मानव एक दुसरेकी स्वतन्त्रताका सम्मान करेँ यही हे मानवतावाद (धधधाकअयतदगशशा इचना२०१७/०५) ।
- ❖ मानिसले मानिसप्रति गर्ने राम्रो व्यवहारको सिद्धान्त नै मानवतावाद हो । (नेपाली बृहत् शब्दकोश, पृष्ठ १००८)
- ❖ संसारका सबै मानिसमा समान भावले व्यवहार गर्ने सिद्धान्तलाई मानवतावाद भनिन्छ । (नागरिक नेटवर्क.कम)
- ❖ मानिसले मानिसलाई मानिसकै दृष्टिले हेर्नुपर्छ । विश्वका हरेक मान्छेले स्वतन्वता, समानता, मित्रता र बन्धुत्वको उपयोग गर्ने उचित अवसर पाउनुपर्छ भन्ने धारणालाई मानवतावाद भनिन्छ (मध्यान्तर. कम) ।

माथि उल्लिखित सम्पूर्ण परिभाषाहरुले मानवतावादलाई एउटा मान्छेले अर्को मान्छेलाई गर्ने असल र मानवीय व्यवहारका रुपमा चिनाएका छन् र साहित्यका हकमा भने कुनै एक मानिसले अर्को मानिसप्रति गर्ने मानवीय व्यवहार मा आधारित भएर रचना गरिएको साहित्य विशेष नै मानवतावादी साहित्य हो । मानवतावादी साहित्यको दृष्टिकोणबाट यात्री कवितालाई यसरी विश्लेषण गर्न सकिन्छः

**यात्री कवितामा मानवतावाद**

वि.सं. १९९८ मा शारदा पत्रिकाको जेठ अङ्कमा प्रकाशित यात्री कविता लघु आकारको कविता हो । मात्रिक अन्तर्गतको उर्मि छन्द (विसममा १६ र सममा १४ मात्रा हुने छन्द) मा समेटिएको यात्री कविता सम्बोधनात्मक तथा वर्णनात्मक शैलीको संयोजन गरी रचना गरिएको छ । देवकोटाको अध्यात्म दर्शन र मानवतावादी चिन्तनको सफल प्रयोग भएको 'यात्री' कविता जैन दर्शनले सुझाएको कायोत्सर्ग भन्दा प्रचक बौद्धदर्शन निकट विषयवस्तुलाई आत्मसात गरेको कविता पनि हो । देवकोटाको जीवनदर्शनका मूलमन्त्र नै मानवतावाद हो । साहित्यकार उषा ठाकुरका अनुसार, साहित्यका महान् कवि सुमित्रानन्दन पन्त र कवि देवकोटाका सदृश मानवताका अनन्य पुजारी हुनुहुन्छ । देवकोटा र पन्त दुवैका अनुसार ईश्वर मानव मनभित्र बस्छन् र कर्म नै ईश्वरको पूजा हो । ठाकुरको यात्री कविता लक्षित उल्लिखित विचारहरुले पनि आंशिक रुपमा यात्री कवितामा प्रयुक्त मानवतावादलाई प्रष्ट्याएको छ । समालोचक हितबहादुर थापा मगरका अनुसार समानता, स्वतन्त्रता, विश्वबन्धुत्व र सहअस्तित्वको अधिकारको सुरक्षा गर्दै सबै मानिसप्रति

राम्रो व्यवहार गर्नु मानवतावाद हो । देवकोटाले यस्तै मानवतावादको प्रयोग गरेर यात्री कविता रचना गरेका छन् (मध्यान्तर.कम, २०७७ असोज १६) । देवकोटाका करिब ६०० कवितामध्ये यात्री मानवतावादी कविता हो । यस कवितामा उनको मानवतावाद समानता, स्वतन्त्रता र भातृत्वको फ्रान्सेली दर्शनमा आधारित रही प्रक्ति ईश्वर र मानवका त्रिभुज सम्बन्धमा केन्द्रित रहेको छ । (त्रिपाठी र अन्य, २०५४) । उल्लिखित साहित्यकार एवं समालोचकहरुको भनाइहरुका आधारमा लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित यात्री कविता मानवतावादी दर्शन प्रयोगका दृष्टिले उच्चकोटिको कविता पुष्टि भएका कारण पनि देवकोटाको यात्री कवितामा प्रयुक्त मानवतावादको विस्तृत चर्चा गरिनु न्याय सङ्गत ठहर्छ ।

लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित यात्री कविताको सुरुदेखि मध्य हुँदै अन्त्यसम्म नै मानवतावादी दर्शनको प्रयोग गरिएको छ । कविताको सुरुमा ढुङ्गा निर्मित स्वकथित मन्दिरहरुमा नै ईश्वरको बास हुन्छ भन्ने मनोकाङ्क्षा बोकेर मानिस स्वयम् लाई भरिया बनाएर दुःख दिँदै मन्दिर धाउने यात्रीहरुलाई कुन मन्दिरमा जान लागेका छौ? उक्त मन्दिरमा पूजा गर्न प्रयोगमा आउने सामग्री के कसरी लैजान लागेका छौ के यसरी मानिसलाई नै दुःख दिएर मन्दिर धाउँदै गरिएको पूजाबाट ईश्वरको प्राप्ति हुनसक्छ र? मानिसहरुको काँध चढेर गरिएको ईश्वर दर्शन के कसरी धर्मसङ्गत हुनसक्छ भनेर प्रश्न सूचक तवरले सांकेतिक ढङ्गबाट पूजा गर्ने शैली र उनीहरुको अमानवीय व्यवहारमाथि प्रश्न उठाएका छन् ।

साँचो अर्थमा ईश्वर कुनै ढुङ्गा वा मूर्ति नभएर मानिस स्वयम् नै हो र मानिसको सेवामै ईश्वरको प्राप्ति हुन्छ भन्ने मानवतावादी दर्शनबाट प्रेरित देवकोटाले दोस्रो श्लोकमा मानिसहरुको शारीरिक संरचना नै सिङ्गो मन्दिर भएको आधार पुष्टि गरेका छन् । मानिसहरुको हाड नै मानवीय शरीररुपी मन्दिरका सुन्दर खम्बाहरु हुन् । यसरी निर्मित मन्दिरहरुको दिवारका रुपमा मानिसका मांशपेशीहरुले काम गरेकाका छन् भने पवित्र विचारहरु मन्थन गरेर सिङ्गो मानव जातिलाई नै सत्मार्गमा डोर्याउने क्षमता भएको मस्तिष्क आफैमा सुनको छानो हो । अतः मानवीय शारीरिक अङ्गहरुबाट निर्मित खम्बा, दिवार र छानो भएको मन्दिरमा नै जगदीश्वरको राज हुने भएकाले ईश्वरलाई खोज्न मन्दिर मन्दिर भौतारिनुको साटो दुखी गरिबको दुखले चहऱ्याइरहेको घाउमा सेवारुपी शितलताको मलम लगाउनु जरुरी छ भन्ने विचार मानवतावादी दर्शनबाट अभिप्रेरित छ । त्यसैगरी मानवीय मनको सिंहासनमा राज गर्ने जगदीश्वरलाई चेतनाको दियो बालेर आफूभित्रै खोज्न सक्नुपर्छ । आफूभित्रै रहेको साँचो ईश्वरलाई खोज्न सक्ने, सही र गलत छुट्याउन सक्ने तथा गरिब दुःखीप्रति सहयोग र सद्भाव कायम गर्न अभिप्रेरित गर्ने मानिसमा निहित चेतना नै ईश्वरको शिरको हिरा जडित सुन्दर र चम्किलो ताज हो । यही ताजले सुन्दर बनाएको श्रीपेच पहिरिएका ईश्वरलाई विश्व क्षेत्रको माझमा रहेको शरीर रुपी सुन्दर मन्दिरमा स्वागत गर्न सकिन्छ । यसर्थ मानिसको सुन्दर मन नै ईश्वरको साँचो बासस्थान हो भन्ने विचारलाई मूल मर्म बनाएकै कारण यात्री कविता मानवतावादी कविता बन्न पुगेको हो ।

भित्र छ ईश्वर बाहिर आँखा खोजी हिड्छौ कुन पुर

ईश्वर बस्तछ गहिराइमा सतह बहन्छौ कति दुर?

खोजी गर्छौ हृदय लगाऊ बत्ती बाली तेज प्रचुर

यात्री कवितामा प्रयुक्त उल्लिखित हरफहरुमा समेत ईश्वर खोज्दै गल्ली-गल्ली भौतारिँदै हिँड्ने यात्रीहरुलाई ईश्वर मानव मनभित्रै भएको र यस्ता ईश्वरलाई सतही भएर गल्ली-गल्ली चहार्नु निरर्थक हुन्छ । बरु यसको साटो हिर्दय रुपी बत्तीको उज्यालोका सहायताले मानव मनभित्र विराजमान ईश्वरलाई पहिचान गरी उनलाई खुशी पार्नका लागि मानव सेवा गर्नु अपरिहार्य छ भन्ने विचार पनि मानवतावाद केन्द्रित देखिन्छ । सडकमा ईश्वर खोजेर कहिल्यै नथाक्ने यात्रीहरुलाई सम्झाउँदै यात्री कविता मार्फत देवकोटा जसले मानव सेवा रुपी सुनौला कार्यहरु गर्छ तिनै मानिसका कर्मयोगी हातहरु ईश्वरले चुम्ने र तिनैका माथमा आशीर्वादरुपी हातहरु राख्ने भएकाले ईश्वरको सच्चा भक्त बन्नका लागि मानव सेवामा लाग्न आग्रह

गर्छन् । हृदयका आँखाले मात्र ठम्याउन सकिने ईश्वरलाई छालाले ढाकेका आँखाले देख्न सकिँदैन । अतः यस्ता ईश्वरको दर्शन पाउने चाहना राख्नेले पीडा र दुःखले निर्मित मानवीय गीतहरुमा सहयोग र सेवारुपी सङ्गीत भर्न सक्नुपर्छ । देवकोटाको मूल परिचय बनेको मानवतावाद यात्री कविताको अन्तिम हरफहरुमा अझ बढी प्रगाढ रुपमा प्रकट भएको छ :

फर्क फर्क हे ! जाऊ समाऊ, मानिसहरुको पाउ
मलम लगाऊ आर्तहरुको चहराइरहेको घाउ

मानिस भई ईश्वरको त्यो दिव्य मुहार हँसाऊ । उल्लिखित हरफहरुमा ईश्वर खोज्नका लागि मन्दिर मन्दिर भौतारिने यात्रीहरुलाई ईश्वर मन्दिरमा नभई मानवसेवामा प्राप्त हुने भएकाले मन्दिरको द्वारबाट फर्किन र मानव सेवामा लाग्न आग्रह गरेका छन् । अतः यो आग्रह मानवतावादी दर्शनको महत्वपूर्ण प्राप्ति हो । समग्रमा ईश्वर सबै प्राणीभित्र रहेका हुन्छन् त्यसैले ईश्वर प्राप्त गर्न मन्दिर धाउनु आवश्यक छैन । साच्चैको ईश्वर मानिस स्वयम् भएकाले दुखी पीडितहरुको सेवा गर्ने मानिसलाई नै ईश्वरले साथ दिन्छन् भन्ने मर्ममा आधारित भई मानव सेवालाई नै ईश्वर प्राप्तिको मूल मार्गका रुपमा निर्क्योल गरिएका विषय लगायतका कारण हरुले गर्दा यात्री कविता मानवतावादको उत्कृष्ट नमुना बनेको छ ।

## निष्कर्ष

नेपाली साहित्यमा मूलतः कविताका क्षेत्रमा कलम चलाउने अग्रणी प्रतिभाको परिचय हो लक्ष्मीप्रसाद देवकोटा । महाकविको उपाधिले सम्मानित साहित्यकार लक्ष्मीप्रसाद देवकोटाको मृत्यु हुनुपूर्व १७ वटा र उनको मरणोपरान्त विभिन्न संघसंस्थाहरुको सहयोगमा प्रकाशित २६ वटा गरी जम्मा ४३ वटा पुस्तकाकार कृक्तिको प्राप्ति भएको छ । साहित्यका मुक्तक, कविता, खण्डकाव्य, महाकाव्य, गीत-संगीत, बालकविता, बालगीत, निवन्ध, नाटक उपन्यास, नियात्रा जस्ता विधाहरुमा कलम चलाएका देवकोटालाई मूलतः काव्यविधाले नै स्थापित गराएको छ । सङ्ख्यात्मक मात्र नभई गुणात्मक दृष्टिले समेत महत्त्वपूर्ण रचनाहरु सिर्जना गर्ने देवकोटा नेपाली साहित्य आकाशमा स्वच्छन्दतावादी धाराको सूत्रपात गर्ने कवि पनि हुन् । एक रातमै खण्डकाव्य र दस दिन भित्रै महाकाव्यको रचना गर्ने विजुलीवेगी देवकोटा विसङ्गतपूर्ण समाजमा देखिएका अराजकताप्रति खबरदारी गर्ने विद्रोही चेत भएका कवि पनि हुन् ।समानता, स्वतन्त्रता विश्वबन्धुत्व र सहअस्तित्वको अधिकारको सुरक्षा गर्दै सबै मानिसप्रति समान व्यवहार गर्नुपर्छ भन्ने मानवतावादी विचारबाट अभिप्रेरित देवकोटाका प्रायः रचनाहरुमा मानवतावादी भाव मुखरित भएका छन् । यही मानवतावादी भावबाट अभिप्रेरित भएर वि.सं. १९९८ मा रचिएको देवकोटाको यात्री कविता मात्रिक छन्दमा संरचित छ । नेपाली चलचित्र वासुदेवमा प्रविष्टि पाएको यात्री कविता भित्र ईश्वरको प्राप्ति मानिसको काँध चढेर गरिएको यात्रापछि देखापरेको मन्दिरमा होइन दुःखी गरिबको दुःख र पीडाले चराइरहेको घाउमा सेवारुपी शीतलताको मलम लगाउँदा मात्र प्राप्त हुन्छ । ईश्वर ढुंगाले बनेको मन्दिरमा होइन हाड छालाले बनेको मन्दिरमा बस्ने हुँदा यस्तै हाडछाला रुपी मानिसहरुको सेवा गर्नु नै यथार्थमा ईश्वरको मुहार हँसाउनु हो । समग्रमा कवितामा प्रयुक्त हरफहरुले मानिसलाई पीडा दिएर मन्दिरको ढोकासम्म पुग्ने पाइलालाई मोडेर दुःखी गरिबको दैलोसम्म पुगेर उनीहरुकै सेवामा समर्पित हुँदा मात्रै ईश्वरीय आनन्द आउन सक्ने मूल विचार प्रस्तुत गरेका कारण यात्री कविता मानवतावादी स्वरसन्धान गर्न सफल छ ।

## सन्दर्भसामग्री

अवस्थी, महादेव (२०६१). *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,* काठमाडौँ: एकता बुक्स डिस्ट्रिब्युटर्स प्रालि ।

उपाध्याय, केशवप्रसाद (२०३०). *साहित्य प्रकाश* काठमाडौँ साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०४७). *देवकोटा कविता यात्राको विश्लेषण र मूल्याङ्कन,* काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०४८). *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना,* काठमाडौँः सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद् ।

पाण्डे, नित्यराज (२०१७). *महाकवि देवकोटा,* ललितपुरः मदन पुरस्कार गुठी ।

बन्धु, चुडामणि (२०५८). *देवकोटा,* काठमाडौँः साझा प्रकाशन ।

सम्पा. त्रिपाठी वासुदेव र अन्य (२०६२). *नेपाली बृहत् शब्दकोश,* काठमाडौँः साझा प्रकाशन ।

गिरी, अमर (२०७६, कार्तिक १३). *गोरखापत्र अनलाइन* ।

Scotbuzz.org. (2017, May).

*मध्यान्तर डट कम.* (२०७७, असोज १६) .

मध्यान्तर डट कम

*नागरिक नेटवर्क.* (ल.म.).